मिति: २०८२/०९/२७

आदरणीय प्रतिनिधि साथीहरु

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

३३ औं वार्षिक साधारणसभा

हरिहर भवन पूल्चोक, ललितपुर

विषय: शुभकामना सम्बन्धमा ।

उपरोक्त विषयमा नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ लि. नेपालको २०८२ पुस २७ गते आइतवार हुन गैरहेको गरिमामय ३३ औं वार्षिक साधारणसभाको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । साधारणसभामा महासंघको अध्यक्षका रुपमा उपस्थित हुन नसक्ने जानकारी गराउनु पर्दा निकै पीडावोध भएको छ, मन भक्कानिएको छ, तनले ठिक ढंगले काम गरिरहेको छैन । अध्यक्ष अनिवार्य उपस्थित हुनै पर्ने यो साधारणसभामा यसरी पत्रमार्फत शुभकामना व्यक्त गरिरहदा मन अमिलो भएको छ, त्यसका लागि सम्पूर्ण प्रतिनिधि साथीहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारज्यूहरु लगायत सम्पूर्ण सहकारी अभियानका साथीहरुसंग क्षमा चाहन्छु ।

स्वास्थ्य उपचार र पारिवारीक भेटघाटका लागि ३ महिनादेखि म संयुक्त राज्य अमेरिकामा छु । ३३ औं वार्षिक साधारणसभा भन्दा अगावै स्वदेश फर्कने, साधारणसभाको तयारीमा यहाँहरु सबै जस्तै सक्रिय रहने योजनाका साथ यहाँ आएकी थिए । तर चाडै फर्कने चाहना हुदा हुदै पनि स्वास्थ्यका कारणले केही समय अझै स्वदेश फर्कन नसक्ने वाध्यता आइपरेको व्यहोरा अवगत गराउन चाहन्छु । २ दशकदेखि कुनै पनि वार्षिक साधारणसभामा अनुपस्थित नभएको मान्छेलाई आफै अध्यक्ष भएको समयमा उपस्थित हुन नसक्दा कस्तो पीडावोध भएको होला, मेरा सहकर्मी सहकारीकर्मी साथीहरुलाई मैले भनिरहनै पर्दैन । सहकारी क्षेत्रको आफ्नो दायित्वप्रति म सचेत छु । मलाई माया, सद्भाव र मार्गदर्शन गराउने सम्पूर्ण सहकारी अभियानकर्मी साथीहरु, मेरो मन मस्तिष्क नेपालमै छ, महासंघको गरिमामय साधारणसभाको

Scanned with CamScanner

वरिपरी नै रहेको अनुरोध गर्न चाहन्छु । मान्छेका इच्छा, चाहना, भावना, जिम्मेवारी, दायित्व सबै भन्दा महत्वपूर्ण स्वास्थ्य रहेछ भन्ने पनि यतिबेला अनुभूत गरेको छु, आफुले नेतृत्व गरेको संस्थाको मुख्य जिम्मेवारीका रुपमा रहेको वार्षिक साधारणसभामा उपस्थित हुन नपाउदा म मर्माहत भएको छु, विक्षप्त भएको छु, फेरी पनि मेरो वाध्यता यहाँहरुको बीचमा राख्दैछु ।

मेरो स्वास्थ्य र पारिवारीक भेटघाटका लागि अमेरिका प्रस्थान गर्नु अघि वरिष्ठ उपाध्यक्षज्यूलाई विनियम अनुसार नै अध्यक्षले गर्दै आएका सम्पूर्ण कार्य गर्ने अख्तियारी सहित कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएकी छु । मलाई विश्वास छ, मुलुकको सहकारी अभियानको संगिन अवस्थामा उहाँले आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गर्नु हुनेछ । ३३ औं वार्षिक साधारणसभालाई भव्य रुपमा सफल पार्न उहाँ सहित सम्पूर्ण सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र व्यवस्थापनलाई आग्रह गर्दछु । स्वास्थ्यमा केही सुधार हुना साथ चाडै नै स्वेश फर्कनेछु र आफ्नो जिम्मेवारी लिनेछु भन्ने यहाँहरु सबै सामु प्रतिवद्धता व्यक्त गर्दै छिटै भेट्ने विश्वस दिलाउछु ।

अन्तमा राष्ट्रिय सहकारी महासंघको ३३ औं वार्षिक साधारणसभाका अवसरमा सम्पूर्ण प्रतिनिधि साथीहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारज्यूहरु, नियमनकारी निकाय लगायत सरोकारवाला, समर्थक शुभेच्छुक सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद, जय सहकारी

ओमदेवी मल्ल

ओमदेवी मल्ल

अध्यक्ष

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

हरिहरभवन, पूल्चोक, ललितपुर, नेपाल

Scanned with CamScanner